लुम्बिनी प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

मा.जन्मजय तिमिल्सिना
मन्त्री
मोबाइल नं. ९८५१०७००४१
jjsachiwalaya@gmail.com

पत्र संख्याः २०८१/०८२
चलानी नं.

मितिः २०८१/१२/०६

## माध्यमिक शिक्षा परीक्षा (SEE) सम्बन्धमा अपिल ।

२०८१ सालको नियमित तथा ग्रेड बृद्धि तर्फको माध्यमिक शिक्षा परीक्षा (SEE) २०८१ साल चैत्र ७ गते बिहिबारदेखि देशभर एकैसाथ सञ्चालन हुँदैछ । यस लुम्बिनी प्रदेशमा नियमित तर्फ साधारण र प्राविधिक धारतर्फ गरी जम्मा ७४५९८ जना र ग्रेडबृद्धि तर्फ २०३१० जना गरी कूल जम्मा ९४९०८ जना परीक्षार्थी परीक्षामा सम्मिलित हुँदैछन् । परीक्षा सञ्चालनका लागि १२ वटै जिल्लामा गरी ३४८ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

परीक्षालाई मर्यादित, अनुशासित, भयरहित, व्यवस्थित, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न सबै जिल्लाका परीक्षा समन्वय समितिबाट ३४८ वटै केन्द्रमा केन्द्राध्यक्षको नियुक्ति भई जिल्लास्तरमा अभिमुखीकरण कार्य सम्पन्न गरी प्रश्नपत्र, उत्तरपुस्तिका लगायतका परीक्षासँग सम्बन्धित सम्पूर्ण सामग्रीहरु नजिकैको सुरक्षा निकाय र परीक्षा केन्द्रमा पुऱ्याउने लगायतका परीक्षाको तयारी सम्बन्धी सम्पूर्ण कार्य समेत सम्पन्न भई सकेको व्यहोराको जानकारी सम्बन्धित तह र निकायबाट प्राप्त भएको छ ।

परीक्षा सञ्चालन अवधिभर प्रदेशभित्र ३४८ केन्द्राध्यक्ष, ६३४ सहायक केन्द्राध्यक्ष, ४७५८ निरीक्षक, १५८ परीक्षा सहायक र १९०२ कार्यालय सहयोगी गरी जम्मा ८६०० जना जनशक्ति परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि परिचालन गरिएको छ । साथै परीक्षालाई मर्यादित, भयरहित र शान्तिपूर्ण बनाउन प्रदेश अन्तर्गतका जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बल नेपालबाट आवश्यक सुरक्षा व्यवस्था मिलाइएको समेत जानकारी प्राप्त भएको छ ।

यस वर्ष माध्यमिक शिक्षा परीक्षा(SEE) मा सम्मिलित हुने सम्पूर्ण परीक्षार्थीहरुलाई कुनै पनि प्रकारको डर, त्रास तथा भयविना उच्च मनोवलकासाथ परीक्षामा सहभागी हुन हार्दिक अनुरोधका साथ सफलताको शुभकामना दिन चाहन्छु । परीक्षाको स्वच्छता, अनुशासन र मर्यादा कायम राख्दै सम्पूर्ण दिनको परीक्षामा परीक्षार्थीहरु तथा परीक्षा व्यवस्थापनमा खटिने सबै जनशक्तिको लागि शान्तिपूर्ण र भयरहित वातावरणको सुनिश्चितता गर्नका लागि स्थानीय प्रशासन, स्थानीय तह, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षकका पेशागत संघ-संगठन ,शिक्षक, विद्यार्थी, पत्रकार, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरु समक्ष हार्दिक अपिल गर्दछु ।

जन्मजय तिमिल्सिना
मन्त्री

मा. जन्मजय तिमिल्सिना
सामाजिक विकास मन्त्री